# स्थानीय राजपत्र

रावा बेसी गाउँपालिकाद्धारा प्रकाशित

| खण्ड २ | संख्या ४ | मितिः २०७५/०९/०६ |
|---|---|---|

**भाग २**

**रावा बेसी गाउँपालिका**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ बमोजिम रावा बेसी गाउँ कार्यपालिकाले तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरीएको छ ।

# गाउँपालिकाको पशु विकास कार्यक्रम संचालनसम्बन्धी कार्यविधि, २०७५

प्रस्तावना :रावा बेसीगाउँपालिका खोटाङले रावा बेसीगाउँपालिका क्षेत्र भित्रपशुपंछि तथा मत्स्य पालन व्यवसायलाई संभाव्यताको आधारमा पकेट क्षेत्र निर्धारण गरि विकास गर्ने नीति लिएको छ । रावा बेसीगाउँपालिका ले सरकारी पर्ती तथा खेर गइरहेको बाँझो जमीन र रोड कोरीडोरमा डाले घाँस तथा बहुवर्षिय पोषिला घाँस खेतीमा वृद्धि गरि पशुआहाराको आपूर्ति बढाउनेर उपयुक्त प्रविधिको प्रयोगवाट आधुनिक पशुपंछि पालन व्यवसायलाई प्रवद्र्धन गर्दै व्यवस्थित र व्यवसायिक रुपान्तरण गर्ने उद्देश्य राखेको छ । पशुपंछि जन्य पदार्थको उत्पादन वृद्धि गर्ने खाद्य सुरक्षालाई पोषण मैत्री बनाउदै गोठ देखि ओठ सम्म दैनिकस्वस्थ्य,पौष्टिकताले भरिपुर्ण भोजनको उपलब्ध गराउनकासाथै पशुपंछि तथा मत्स्य जन्य पदार्थको उत्पादकत्व वृद्धि एवम् बिक्री वितरणलाई व्यवस्थितगर्ण र कृषकको आयस्तरमा सुधार गरि गरिविन्युनिकरण तथा रोजगरी श्रृजना गर्ने लक्ष्य रहेको छ । जसका प्रभावकारी कार्यान्वयनका लागि रावा बेसीगाउँपालिका ले पशुपंछि तथा मत्स्य पालन नीति, २०७५ तर्जुमा गरेको छ । उक्त नीतिको व्यवहारिक एवम् प्रभावकारी कार्यान्वयन गर्न "दुध,अण्डा,माछा, मासुको उत्पादकत्व बृद्धि-हाम्रो अभियान, व्यवसायिक पशुपंछि पालनका लागि कृषकलाईआर्थिकअनुदान" भन्ने मुल नाराका साथ् रावा बेसीगाउँपालिका खोटाङले देहाय बमोजिमको कार्यविधि बनाई लागु गरेको छ ।

**१ . संक्षिप्त नाम र प्रारम्भः**

(१) यो कार्यविधिको नाम "रावा बेसीगाउँपालिका को पशुपंछि कार्यक्रम संचालनसम्बन्धी कार्यविधि, २०७५" रहेको छ ।

(२) यो कार्यबिधिरावाबेसीगाउँपालिका गाउँकार्यपालिकाबाट स्वीकृत भइ स्थानिय राजपत्र मा प्रकाशनभएको मितिबाट तुरुन्त लागु हुने छ ।

**२ . परिभाषाः**

विषय वा प्रसंगले अर्को अर्थनलागेमा यस कार्यविधिको प्रयोजनका लागि

(क)''मन्त्रालय''भन्नालेभूमि व्यवस्थ,कृषि तथासहकारी मन्त्रालय, को कार्यालय प्रदेश सम्झनु पर्दछ ।

(ख)"रावा बेसीगाउँपालिका "भन्नाले रावा बेसीगाउँपालिका सम्झनु पर्दछ ।

(ग)''निर्देशनालय''भन्नाले प्रदेश पशुपंछी तथा मत्स्य विकास निर्देशनालयसम्झनुपर्दछ।

(घ)''कार्यविधि''भन्नाले रावा बेसीगाउँपालिका पशुपंछि कार्यक्रम संचालन गर्न बनेको कार्यविधि, २०७५ सम्झनु पर्ने छ ।

(ङ)''समिति'' भन्नाले कार्यविधिको दफा १८ बमोजिम गठन भएका समितिसम्झनु पर्दछ ।

(च) ''कार्यक्रम''भन्नाले रावा बेसीपशुपंछि शाखाबाट सशर्त अनुदान वा समानिकरण रपशुपंछितथा मत्स्य सम्बन्धिका अन्य अनुदान रावा बेसीगाउँपालिका को संचित कोषबाट संचालन गरिने सम्पुर्ण कार्यक्रम सम्झनु पर्ने छ ।

**३ . पशुपंछि कार्यक्रम संचालनका लागि मापदण्ड सम्बन्धी व्यवस्था :**

(१) रावा बेसीगाउँपालिका क्षेत्रका कृषकहरुको लागत साझेदारीमा संचालन गर्न सकिने कृर्याकलापहरुको आर्थिक तथा प्राविधिकमापदण्ड निम्न बमोजिम व्यावस्था गरिएको छ ।

(२) पशुपालन सम्बन्धी मापदण्ड निम्नानुसार व्यावस्था गरिएको छ ।

| विषयगत व्यवसाय | अनुदानमा समाबेश गरिने कार्यक्रम | कार्यक्रम खर्चसहयोगको परिधी | कैफियत |
|---|---|---|---|
| व्यवसायिक व्यात्तिगत कृषकको हकमा कम्तीमा १५ देखि माउ भेडा वा बाख्रा र समुह,सहकारीको हकमा प्रति सदस्य माउ भेडा वा बाख्रा ७ वटा भन्दा माथी हुनु पर्ने र समुहरुमा १० देखी २५जना सदस्य हुनु पर्ने | खोर निर्माण  आवश्यक मेशीनरी औजार बोका खरिद तथा ढुवानी डाले घाँसको विरुवा भुइ घाँस बाख्राको लागि खोप आन्तरीक बाहृय  परजिवी नियन्त्रण प्राकृतिक प्रकोप कोष/विमा सुचना बोर्ड ,आदि | स्वीकृत वजेटको परिधी रावा बेसी भित्र रहि लागतस्टीमेटको अधिकतम८५ प्रतिशत सम्म प्रतिभेडा बाख्रारु १०५००। को दरले हुन आउने रकम मध्य जुन कम हुन्छ सो रकम | स्थानिय दर रेट अनुसार लागत स्टीमेट भएको हुनु पर्ने छ । |
| व्यवसायिक कुखुरा (लेयर्स र स्थानीय ) | खोर निर्माण ,कुखुराको चल्ला भाडा खरिद तथा ढुवानी,दाना प्रति चल्ला केजी,चल्लाको खोप,आन्तरीक तथा बाहृयपरजिवी नियन्त्रण व्यवसायिक कुखुरा पालन,सुचना बोर्ड,आदि | स्वीकृत वजेटको परिधी रावा बेसी भित्र रहि लागत स्टीमेटको अधिकतम८५ प्रतिशत सम्म । | स्थानिय दर रेट अनुसार स्टीमेट भएको हुनु पर्ने (लेयर्स) कम्तीमा ३०० र स्थानिय कम्तीमा १०० भन्दा बढी पाल्ने क्षमताभएको हुनु पर्ने |
| व्यवसायिक बंगुर | खोर निर्माण , आवश्यक मेशीनरी उपकरणविर खरिद तथा ढुवानी, भुइ, घाँस,बंगुर कोखोप,आन्तरीक तथा बाहृय परजिवीनियन्त्रणप्राकृतिक प्रकोप कोष/विमा | स्वीकृत वजेटको परिधी रावा बेसी भित्र रहि लागत स्टीमेटको अधिकतम८५ प्रतिशतसम्म  प्रति बंगुर पाठापाठि  रु ३,०००। का दरले हुन आउने रकम मध्य जुन कम हुन्छ सोरकम । | स्थानिय दर रेट अनुसार स्टीमेट भएको हुनुपर्ने,पाठा पाठी उत्पादनको लागि कम्तीमा५ माउ बंगुर ,पालेको हुनु पर्नेछर मासुको प्रयोजनकोलागि १५ बंगुर  पालेको हुनु पर्नेछ । |

| | | | |
|---|---|---|---|
| व्यवसायिक गाई भैसी पालन | गोठ निर्माण ,उन्नत गाई तथा भैसी खरिद ढुवानी,राँगो तथा साँढे खरिद तथाढुवानी,मिल्कीङ,मेसीन मिल्क क्यान ह्विलव्यारो,इलेक्ट्रि, मदानि डालेघाँस,भुइघाँस,च्यापकटर,महि पार्ने मदानि पशुखोप,आन्तरीक तथा बाह्य परजिवी नियन्त्रण पशु,विमा,सुचना बोर्ड कार्यक्रम अभिमुखिकरणपव्लीक अडिट,सार्वजनिक सुनुवाइ,विषयगत व्यवसायिक तालिम । | स्वीकृत वजेटको परिधी रावा बेसी भित्र रहि लागत स्टीमेटको अधिकतम ८५ प्रतिशत सम्म | स्थानिय दर रेट अनुसार स्टीमेट भएको हुनु पर्ने र कम्तीमा३ बयस्क गाई,भैसीपालेको हुनुपर्ने । |
| सामुदायिक बाख्रा पालन | | | |
| वाख्रा श्रोत विकासको लागि कम्तीमा ८५माउवाख्राहुनु पर्नेछ । र सामुदायिक वाख्रापालनको लागि कम्तीमा १५०वाख्रा हुनुपर्नेछ | तथ्यांक संकलन,वोका खरिद तथा वितरणव्यवस्थापन,आहारासुधार,विषालु झार नियन्त्रण चरन खको ,सुधार,प्राविधिक तालिम,कृषक तालिम,औषधी कोष स्थापना,प्राविधिक खर्च,पशु विमा अन्य सामागि, | स्वीकृत वजेटको परिधी रावा बेसी भित्र अधिकतम ८५ प्रतिशत सम्म अनुदानसहयोग् गर्न सकिने | स्थानिय दर रेट अनुसार लागत स्टीमेट भएको हुनु पर्ने |
| चरन तथा आहारा सेवा कार्यक्रमहरु | | | |
| घाँस तथा घासे बाली श्रोत केन्द्र | मुल विउ,राइजोवियम विषालु झार नियन्त्रण चरन क्षेत्र सुधार,सिचाईको लागी प्लाष्टिक पोखरी निर्माण ,पाइप २०मि.मि.को ८५०मि. | स्वीकृत वजेटको परिधी रावा बेसी भित्र रहि लागत स्टीमेटको अधिकतम ८५ प्रतिशतसम्म | स्थानिय दर रेट अनुसार लागत स्टीमेट भएको हुनु पर्ने |
| घाँस विउ उत्पादन केन्द्र | मुल विउ ,राइजोवियम,सिचाको लागी प्लाष्टिक पोखरी निर्माण ,पाइप २० मि.मि.को८५०मि. | स्वीकृत वजेटको परिधी रावा बेसी भित्र रहि लागत स्टीमेटको अधिकतम८५ प्रतिशत सम्म | स्थानिय दर रेट अनुसार लागत स्टीमेट भएको हुनु पर्ने |
| चरन खर्कको सुधार | चरन क्षेत्रको पुर्वाधार विकास | स्वीकृत वजेटको परिधी रावा बेसी भित्र रहि लागतस्टीमेटका अधिकतम८५ प्रतिशत | स्थानिय दर रेट अनुसार लागतस्टीमेट भएको हुनु पर्ने |

| | | | |
|---|---|---|---|
| | | सम्म | |
| दुध तथा दुध जन्य पदार्थ सम्वन्धि कार्यक्रम हरु | | | |
| डेरी पसल सुधार | डि फ्रीज ८५० लि क्ष, मिल्क क्यान, ल्याक्टोमिटर, रिकापी कोठाको फिनिसिङ, क्रीम सेपेरटर, पास्चुराइजर, | स्वीकृत वजेटको परिधी रावा बेसी भित्र रहि लागत स्टीमेटको अधिकतम८५ प्रतिशत सम्म | स्थानिय दर रेट अनुसार लागत स्टीमेट भएको हुनु पर्ने |
| साना डेरी स्थापना | डि फ्रीज ८५० लि क्षमता, मिल्क क्यान, ल्याक्टोमिटर, रिकापी कोठाको फिनिसिङ | स्वीकृत वजेटको परिधी रावा बेसी भित्र रहि लागत स्टीमेटको अधिकतम८५ प्रतिशत सम्म | स्थानिय दर रेट अनुसार लागत स्टीमेट भएको हुनु पर्ने |
| दुध संकलन केन्द्र स्थापना | डि फ्रीज १००० लि क्ष, ८५० लि क्ष चिलिङ भ्याट, मिल्क क्यान, ल्याक्टोमिटर, रिकापी कोठाको फिनिसिङ | स्वीकृत वजेटको परिधी रावा बेसी भित्र रहि लागत स्टीमेटको अधिकतम ८५ प्रतिशत सम्म | स्थानिय दर रेट अनुसार लागत स्टीमेट भएको हुनु पर्ने |
| दुग्ध उद्योग् संग् सम्बन्धि मेशीनरी सामानहरु | | | |
| दुध चिस्यान केन्द्र स्थापना | भवन निर्माण डि फ्रीज १०००लि. क्षमता चिलिङ भ्याट१०००लि.क्षमता.मिल्क क्यान,ल्याक्टो,मिटर,रिकापी कोठाको,फिनिसिङ | स्वीकृत वजेटको परिधी रावा बेसी भित्र रहि लागत स्टीमेटको अधिकतम८५ प्रतिशत सम्म | स्थानिय दर रेट अनुसार लागत स्टीमेट भएको हुनु पर्ने |
| दुग्ध प्रशोधन केन्द्र स्थापना | भवन,निर्माण ,डि.फ्रीज,२हजारलि.क्षमता,चिलिङ भ्याट हजार लि.क्षमता, मिल्कक्यानल्याक्टोमिटर, रिकापी कोठाको,फिनिसिङ क्रीमसेपेरेटर, पास्चुराइजर, अन्य दुधजन्य उप पदार्थ बनाउने मेसीनहरु | स्वीकृत वजेटको परिधी रावा बेसी भित्र रहि लागत स्टीमेटकोअधिकतम८५ प्रतिशत सम्म | स्थानिय दर रेट अनुसार लागत स्टीमेट भएको हुनु पर्ने |
| मासु संग् सम्बन्धित कार्यक्रमहरु | | | |
| मासु पसल सुधार | कोठाको फिनिसिङ,डि फ्रीज ,मासु काट्ने | स्वीकृत वजेटको परिधी रावा बेसी भित्र रहि | स्थानिय दर रेट अनुसार लागत |

| | | | |
|---|---|---|---|
| | औजारहरु ,ग्याँस,बर्ननर,ड्रेसिङ मेसीन, डिस्पोजेवल पिठ | लागत स्टीमेटको अधिकतम ८५ प्रतिशत  सम्म | स्टीमेट भएको हुनु पर्ने |
| साना पशु बध स्थल निर्माण  सुधार | मापदण्ड अनुसारको पशु बधस्थल भवनर सो रावा बेसी भित्र पर्ने आवश्यक मेसीनरी सामानहरु | स्वीकृत वजेटको परिधी रावा बेसी भित्र रहि लागत स्टीमेटको अधिकतम ८५ प्रतिशत  सम्म | कार्यबिधि निर्देशिकाको ८.२.९ अनुसार हुनेछ |
| ठुला पशु बध स्थल निर्माण | सुधार   मापदण्ड अनुसारको पशु बधस्थल भवन,र सो रावा बेसी भित्र पर्ने आवश्यक मेसीनरीसामानहरु | रावा बेसी गाउँपालिका को सत प्रतिशत अनुदान लागत मा निर्माण गरिने। | स्थानिय दर रेट अनुसार लागत स्टीमेट भएको हुनु पर्ने |
| आधुनिक पशु बधशाला निर्माण | मापदण्ड अनुसारको आधुनिक पशु बधशाला, र सो रावा बेसी भित्र पर्ने आवश्यक मेसीनरी सामानहरु | स्वीकृत वजेटको परिधी रावा बेसी भित्र रहि लागत स्टीमेटको अधिकतम८५ प्रतिशत सम्म | स्थानिय दर रेट अनुसार लागत स्टीमेट भएको हुनु पर्ने |
| वडागत पशु सेवा केन्द्र सुदृढिकरण कार्यक्रम | भबन निर्माण ,व्याबस्थापन ट्रेविज निर्माण ल्याव ब्याबस्थापन,डेस्पेन्सरि व्यबस्थापनन आबस्यक पशु सेवा केन्द्रमा मेसिनरि सामानहरु | स्वीकृत वजेटको परिधी रावा बेसी भित्र रहि लागत स्टीमेटको आधारमा । | स्थानिय दर रेट अनुसार लागत स्टीमेट भएको हुनु पर्ने |
| मत्स्य पालन | | | |
| व्यवसायिक माछा पालन | माछा पोखरी निर्माण | स्वीकृत वजेटको परिधी रावा बेसी भित्र रहि लागत स्टीमेटको अधिकतम८५प्रतिशत सम्म | स्थानिय दर रेट अनुसार स्टीमेट भएको हुनु पर्ने र कम्तीमा १ रोपनी जग्गमा पोखरी निर्माण  गर्नु पर्नेछ |
| मञ्यौला ह्याचरी स्थापना | ह्याचरी भवन, ह्याचिङमेसीन कार्यालय भवन, कुखुराको खोर, स्टोरविद्युत , | स्वीकृत वजेटको परिधी रावा बेसी भित्र रहि | स्थानिय दर रेट अनुसार लागत |

| | | | |
|---|---|---|---|
| | | लागत<br>स्टीमेटको अधिकतम<br>८५ प्रतिशत सम्म | स्टीमेट भएको हुनु पर्ने |
| साना ह्याचरी स्थापना | ह्याचरी भवन, ह्याचरी मेसिन कार्यालय भवन, कुखुराको , स्टोर , विद्युत | स्वीकृत वजेटको परिधी रावा बेसी भित्र रहि लागत<br>स्टीमेटको अधिकतम<br>८५ प्रतिशत सम्म | स्थानिय दर रेट अनुसार लागत स्टीमेट भएको हुनु पर्ने |
| पशु पंछी हाट वजार सम्बन्धि कार्यक्रमहरु | | | |
| पशपन्छी संकलन केन्द्र | संकलन स्थलको तारवार वाउन्ड्री वाल,कार्यालय,भवन,पानी व्यवस्थापन,सौचालय,डिस्पोजल पिट,खोर,डुढ,टहरा | स्वीकृत वजेटको परिधी रावा बेसी भित्र रहि लागत स्टीमेटको अधिकतम८५ प्रतिशत सम्म | स्थानिय दर रेट अनुसार लागत स्टीमेट भएको हुनु पर्ने |
| साना पशु हाटवजार | स्थापना बजार स्थलको तारवार वाउन्ड्री,वाल,कार्यालय,भवन पानी व्यबस्थापन, शौचालय डिस्पोजल पिट, टहरा, डुढ | स्वीकृत वजेटको परिधी रावा बेसी भित्र रहि लागत स्टीमेटको अधिकतम८५ प्रतिशत सम्म | स्थानिय दर रेट अनुसार लागत स्टीमेट भएको हुनु पर्ने |
| ठुला पशु हाटवजार | स्थापना बजार स्थलको तारवार वाउन्ड्री वाल, कार्यालय,भवन,पानी,व्यबस्थापन, शौचालय, डिस्पोजल पिट, टहरा डुढ | स्वीकृत वजेटको परिधीरावा बेसी भित्र रहि लागत स्टीमेटको अधिकतम८५ प्रतिशत सम्म | स्थानिय दर रेट अनुसार लागत स्टीमेट भएको हुनु पर्ने |
| ऊन उत्पादन | ऊन उत्पादन व्यवसाय संचालन गर्न आवश्यक पर्ने उपकरण खरिद तथा ढुवानी र ऊन भण्डारण लागि भौतिक पुर्वाधारका कार्यक्रम<br>हरु समावेश गर्न सकिने छ | ।स्वीकृत वजेटको परिधी रावा बेसी भित्र रहि लागत<br>स्टीमेटको अधिकतम<br>८५ प्रतिशत सम्म | स्थानिय दर रेट अनुसार लागत स्टीमेट भएको हुनु पर्ने |
| ऊन प्रशोधन | ऊन प्रशोधन उधोगका लागि आवश्यक पर्ने भौतिक पुर्वाधार र ऊन तथा ऊन जन्य बस्तु उत्पादनका लागि आवश्यक पर्ने मेशीनरी सामानहरु खरिद तथा ढुवानी गर्ने खालका | स्वीकृत वजेटको परिधी रावा बेसी भित्र रहि लागतस्टीमेटको अधिकतम८५ प्रतिशत | स्थानिय दर रेट अनुसार लागत स्टीमेट भएको हुनु पर्ने |

| | | | |
|---|---|---|---|
| | कार्यक्रम संचालनगर्न सकिनेछ | सम्म | |
| प्रबद्र्धनात्मक पशु श्रोत केन्द | यस कार्यक्रम अन्तर्गत प्रबद्र्धन गर्न निश्चित गरिएका पशु पालन व्यावसायमा आवश्यक पर्ने सुचनासंकलन, भौतिक पुर्वाधार विकास र मेशीनरी सामानको व्यवस्था गर्न सकिने कार्यक्रम संचालन गरिने छ | स्वीकृत वजेटको परिधी रावा बेसी भित्र रहि लागत स्टीमेटको अधिकतम८५ प्रतिशत सम्म | स्थानिय दर रेट अनुसार लागत स्टीमेट भएको हुनु पर्ने |
| संरक्षण आत्मक पशुश्रोत केन्द्र | यस कार्यक्रम अन्तर्गत संरक्षण गर्ननिश्चित गरिएका पशु पालन व्यवसायमा आवश्यक पर्ने सुचना संकलन, भौतिक पुर्वाधार विकास रमेशीनरी सामानको व्यवस्था गर्न सकिने कार्यक्रम संचालन गरिने छ । | स्वीकृत वजेटको परिधी रावा बेसी भित्र रहि लागत स्टीमेटको अधिकतम ७० प्रतिश सम्म अनुदान । | स्थानिय दर रेट अनुसार लागत स्टीमेट भएको हुनु पर्ने |

(३) **आयआर्जन सम्बन्धी क्रियाकलापह**(गाई, भैसी, कुखुरा, बाख्रा, भेडा, बंगुर , माछा) सम्बन्धी कार्यक्रममा कानुनी रुपमा दर्ता भएका कृषक समुह, समिति,

सहकारी, निजी फार्म, उधोगी , व्यापारी, र सरोकारवाला संघ संस्था ले आफुले चाहेको विषयमा पनि आवेदन दिई कार्यक्रम संचालन गर्न सक्ने छन्

र यो कार्यक्रम आयआर्जनका लागि मात्र संचालन गरि नेछ तर यस कार्यक्रममा आवेदनकर्ताले कुल लगनीको कम्तीमा ८५ प्रतिशत भौतिक पूर्वाधार र मेसीनरी सामानमा नगद सहभागिता अनिवार्य गर्नु पर्नेछ ।

**(४) व्यवसायोन्मुख क्रियाकलाप (कुखुरा, भेडा, बाख्रा, गइ, भैसी, बंगुर , माछा)**

सम्बन्धी कार्यक्रममा सामान्यतया व्यासाय संचालन गरि रहेका तर पुर्ण व्यावसायिक भइ नसकेका कृषक समुह, समिति, सहकारी, निजी फार्म, उधोगी , व्यापारी, र सरोकारवाला संघ संस्था ले आफुले चाहेको विषयमा पनि आवेदन दिइ कार्यक्रम संचालन गर्न सक्ने छन र यो कार्यक्रमले व्यावसायिकरण गर्ने उत्पादनमा टेवा पुऱ्याउनु पर्नेछ । तर यस कार्यक्रममा आवेदनकर्ताले कम्तीमा २५ प्रतिशत नगद सहभागिता अनिवार्य गराउनु पर्नेछ ।

(५) **व्यवसायिक सम्बन्धित कार्यक्रम** (कुखुरा, भेडा, बाख्रा, गाई , भैसी, बंगुर , माछा) मा आवेदन गर्न नियमित रुरुपमा व्यवसाय संचालन गरि राखेका नियमित रुपमा दर्ता नविकरण भएका र उत्पादन गर्ने विक्री वितरण गर्ने राखेका लाई प्रबद्र्धन तथा विविधिकरण गर्ने बजारिकरण गर्न सक्ने क्षमता भएका कृषकसमुह, समिति, सहकारी, निजी फार्म, उधोगी , व्यवसायी र सरोकारवाला संघसंस्था ले कार्यक्रम समाबेश गर्ने आवेदन पेश गर्नु पर्ने छ । आवेदनकर्ताले यस कायक्रममा स्वलगानीको २५ प्रतिशत नगदनगद लगनी अनिवार्य गर्नु पर्ने छ ।

(६) **बृहत व्यवसायिक कार्यक्रम** (कुखुरा, भेडा, बाख्रा, गाई , भैसी, बंगुर , माछा) मा छरिएर रहेका विभिन्न व्यावसायलाई एकिकृत गर्ने बृहत रुपमा सामुहिक पशु पालन वा व्यावसाय संचालन गर्न इच्छुक कृषक समुह, समिति, सहकारी, निजी फार्म, उधोगी , व्यापारी, र सरोकारवाला संघ संस्था ले आफुले गर्न चाहेको कार्यक्रमको व्यावसायिक कार्य योजना सहित आवेदन दिन सक्नेछन तर यसकार्यक्रममा कम्तिमा स्वलगनीको ८५ प्रतिशत नगद लगनी अनिवार्य गर्नु पर्नेछ ।

(७) **पकेट प्याकेज कार्यक्रम** (कुखुरा, भेडा, बाख्रा, गाई , भैसी, बंगुर , माछा) मा एक क्षेत्रमा रहेका एक विषयलाइ प्रबद्र्धन गर्ने सो विषयका सम्पुर्ण उत्पादनह लाई एकिकृतरुपमाबजारिकरण गर्ने र एकल उत्पादनको पहिचानगराउने खालका कार्यक्रमह संचालन गर्न इच्छुक कृषक समुह, समिति, सहकारी, निजी फार्म, उधोगी , व्यापारी, र सरोकारवाला संघ संस्था ले आवेदन गर्न सक्नेछन तर यसका लागि स्व लगनीको २५ प्रतिशत नगद लगानी र श्रमदान समावेश गर्ने व्यवासायिक कार्य योजना सहीत आवेदन गर्नु पर्ने छ र अनुदान रकम ७५ प्रतिशतमा नबढाइ कार्यक्रम संचालन गरि ने छ ।

(८) **सहकारी मार्फत संचालन गरि ने कार्यक्रम** (कुखुरा, भेडा, बाख्रा, गाई , भैसी, बंगुर ,माछा) मा सहकारी ऐन, २०७४ बमोजिम तथा प्रचलित सहकारी मापदण्डका आधारमा रहेका सहकारी संस्था ले आफ्नो कार्यक्षेत्र रावा बेसी भित्र नियमानुसार कार्ययोजना बनाई कार्यक्रम संचालन गर्न का लागि आवेदन दिनसक्नेछन् । तर सहकारी संस्थँको नाममा तोकिएर स्वीकृत भएको कार्यक्रम भएमा निर्देशिका, मापदण्ड र कार्यविधिले तोकेका कार्ययोजनामा अनिवार्यसमावेस गर्नु पर्ने छ । यस कार्यक्रममा एक अवधिको लागि अनुदान रकम ८५ प्रतिशत मात्र उपलब्ध गराईने छ ।

(९) **पशु आहारा सेवा, चरन विकास तथा घाँस श्रोत विकास विकास कार्यक्रम;**

(घाँस बीउ उत्पादन सम्बन्धी कार्यक्रम (डाले, घाँस, भुई घाँस, बहु वर्षिय, एक वर्षे) मा सहकारी पशु आहारामा सुधार गरिने कार्यक्रमह जस्तै चरन खर्कको सुधार उन्नत घाँस विकास स्थानिय घाँस अनुसन्धान र घाँस श्रोत विकास र घाँस विविधीकरण संरक्षण जस्ता कार्यक्रम संचालन गर्न इच्छुक कृषक समुह,समिति, सहकारी, निजी फार्म, उधोगी , व्यापारी, र सरोकारवाला संघ संस्था ले आवेदन गर्न सक्नेछन तर यसका लागि भौतिक

पुर्वाधार, मेसीनरी सामान र मुल बिउ वितरण मा लाग्ने कुल रकमको सत प्रतिशत अनुदान उपलब्ध गराईने छ । अन्य आवश्यक कार्यक्रम र अनुदानमा थप हुने नगद वाश्रम आवेदक स्वयमले सहभाग्िता गर्नु पर्ने छ । तर अनुसन्धानात्मक कार्यक्रममा प्राविधिक खर्च अनुदानमा समावेश गरिनेछ ।

(१०)**ह्याचरी निर्माण सुधार (कुखुरा) कार्यक्रम अन्तर्गत** कुखुरापालक कृषकलाई कुखुरा पालन व्यवसायमा सहभागिगराउन चल्ला उत्पादन तथा बिक्रीवितरण गर्ने यस रावा बेसीगाउँपालिका लाई अण्डा तथा मासु उत्पादनमा टेवा पुर्‍याउने उद्देश्यका साथ् आर्थिक तथा प्राविधिकले चल्ला उत्पादन गर्न ह्याचरीस्थापना र संचालन गर्न इच्छुक कृषक समुह, समिति, सहकारी, निजी फार्म, उधोगी , आवेदन गर्न सक्नेछन तर यसका लागि भौतिक पूर्वाधार र मेसीनरीसामान खरिदमा अधिकतम ८५ प्रतिशत सम्म अनुदान प्रदान गरि ने छ र अन्यसंचालन र संचालन पुर्वका खर्चह मा अनुदान रकम दिइने

छैन । यस अनुदानमा निम्न किसिमका ह्याचरी स्थापना तथा स्तरवृद्धिका लागि आवेदन पेश गर्न सकिने छ । तर आवेदनका साथ् विस्तृत व्यावसायिक कार्ययोजना अनिवार्य रुपमा पेश गर्नु पर्ने छ ।

क) साना ह्याचरीः प्रतिलट ५०० चल्ला सम्म उत्पादन गर्ने उत्पादन क्षमता भएको ।

ख) मझौला ह्याचरीः प्रतिलट, १०००चल्ला भन्दा माथि, ३००० सम्म उत्पादन क्षमता भएको

**४ . पशुपंछि बजार प्रवद्र्धन सम्बन्धी व्यवस्था :**

**(१) संकलन केन्द्र स्थापना** संचालन तथा स्तरोनती (दुध,पशु,पंछी र बिउबिजनसंकलन कार्यक्रममा पशुपंछितथापशुपंछि जन्य पदार्थ र पशु उत्पादनका लागि आवश्यक कच्चा पदार्थसंकलनगरि बजार व्यावस्थापन मार्फत उपभोक्तासम्म पुऱ्याउने उद्देश्य राखी संचालन गरि ने कार्यक्रमहरु मा इच्छुक कृषकसमुह,समिति, सहकारी, निजी फार्म, उधोगी , व्यापारी, र सरोकारवाला संघसंस्था ले आवेदन गर्न सक्नेछन तर यसका लागी संकलन केन्द्रमा संकलन का लागि आयात हुने बस्तुको श्रोत तथा परिमाण आवेदन साथ् आधिकारीक रुपमा अनिवार्य पेश गर्नु पर्नेछ यसका लागि भौतिक पुर्वाधर, मेसीनरीसामानमा बढीमा ८५ प्रतिशत, ढुवानी साधनमा अधिकतम ३० प्रतिशत र एक पटक प्रचार प्रसारको लागि आवश्यक सामाग्री खरीदमा अधिकतम २५ प्रतिशत अनुदान उपलव्ध गराईने छ । बाँकी कार्य संचालनका लागि आवश्यक पुँजी अनुदानमा लागत सहभाग्िता स्वयम आवेदकले बेहोर्नु पर्ने छ ।

**आधारहरु**

**क ) दुध संकलन केन्द्र**:

१) यस केन्द्रको ५ कि.मि परिधी रावा बेसी भित्र प्रसस्त मात्रामा दुध उत्पादन गर्ने दुग्ध उत्पादक कृषक समुह समिति र सहकारी संस्था को विवरण ।

२) दैनिक कम्तीमा ५५० लिटर दुध संकलन गरिनु पर्ने ।

३) आवेदक कानूनी रुपमा दर्ता भएको हुनु पर्ने ।

**ख) पशुपंछि संकलन केन्द्र** :

१) यस केन्द्रको ५ कि.मि परिधी रावा बेसी भित्रबाट पशु तथा पंछी आउन सक्ने र कम्तीमा
संकलनको दिनमा कम्तीमा १०० भन्दा बढी पशु बस्तुह विक्रीका लागि आउन सक्ने ।

२) वर्षै भरी यातायातको सुविधा भएको हुनु पर्ने ३) आवेदक कानुनि रुपमा दर्ता भएको हुनु पर्ने छ

**ग् ) विउ विजन (घाँस तथा डाले घाँसका विरुवा समेत) संकलन केन्द्र ।**

१) यस केन्द्रको ५ कि.मि परिधी रावा बेसी भित्रको क्षेत्रबाट विउ विजन उत्पादक कृषक समुह समिति र सहकारी हुनुपर्ने ।

२) संकलन गरिएको विउ परिक्षणगर्न सक्ने पुर्वाधार हुनु पर्ने । ३) संकलन गरिएको विउ विक्री हुने स्थान खुलाउनु पर्ने ।

४) आवेदक कानुनि रुरुपमा दर्ता भएको हुनु पर्ने ।

(२) पशु हाट बजार स्थापना संचालन र स्तरोनती (ठुला पशु, साना पशु र पन्छी) कार्यक्रममा कृषकहरुले पालेका सम्पुर्ण पशुह कृषको चाहना अनुसार बिक्रीका लागि सहजीकर सहजिकरण गर्न र

समयको सदुपयोग्गर्नेबजार बिचौलियाह लाई निउत्शाही गरि स्वयं कृषकलाई उचित मुल्य व्यावस्थापन गर्न र पशु खरिद श्रोत केन्द्रका रुपमा विकास गर्ने उद्‌देश्य लिइ इच्छुक कृषक समुहसमिति सहकारी सस्था उपभोक्ता समिति हरुले आवेदन दिन सक्नेछन । यसका लागि आवश्यक भौतिक पुर्वाधार र मेसीनरी सामानह मा अधिकतम ८५ प्रतिशत र एक पटक प्रचार प्रसारका लागि अधिकतम ३० प्रतिशत अनुदान प्रदान गरि ने छ ।

(क) यस केन्द्रको ५ कि.मि परिधि रावा बेसी भित्रबाट पशुह बिक्रीका लागि आउनसक्ने र कम्तीमा संकलनको दिनमा १८५ भन्दा बढी पशु वस्तुह बिक्रीका लागि आउन सक्ने

(ख) वर्षै भरी यातायातको सुविधा भएको हुनु पर्ने ।

(ग्) आवेदक कानूनी रुरुपमा दर्ता भएको हुनु पर्ने ।

(घ) स्थानिय पालिका र रावा बेसीगाउँपालिका पालिकाले समेत सहकार्य गर्न सक्नेछन ।

(३) पशु जन्य उत्पादनको विविधीकरण प्रशोधन वितरण सम्बन्धी कार्यक्रममा पशुजन्य उत्पादनको विविधिकरण गर्ने उप पदार्थ बनाई बिक्री वितरण गर्ने।

खालका कार्यक्रमह पर्दछन् । यसमा दुध प्रशोधन, मासु प्रशोधन अण्डासंकलन तथा प्याकेजिङ जस्ता कार्यहरुगर्न इच्छुक कृषक समुह समितिसहकारी उधोगी व्यवसायी संघ संस्था ले आवेदन गर्न सक्नेछन । यसमा भौतिक पुर्वाधार मेसीनरी सामानमा बढीमा ८५ प्रतिशत र एक पटक प्रचार प्रसारको लागि बढीमा ३० प्रतिशत अनुदान दिइने छ बाकी संचालन खर्च रसंचालन पुर्वका खर्चह स्वयंम आवेकले लगानी गर्नु पर्ने छ । आवेदकलाई चाहिने आवश्यक पुर्वाधार र सामानहरुको विवरण बिस्तृत कार्ययोजनामा उल्लेख गर्नु पर्ने छ ।

(४) साना डेरी स्थापना संचालन र स्तरोनती कार्यक्रममा दैनिक १०० देखि २०० लिटर दुध संकलन गर्ने विक्री वितरण गर्न सक्ने क्षमता राख्ने व्यक्तिगतवासंस्था ले साना डेरी स्थापना गर्न र सो भन्दा माथी स्तरोन्नत्ति गर्ने ८५० लिटर दुध संकलन तथा बिक्री वितरण गर्ने क्षमता वृद्‌धि गर्न आवश्यक पर्ने भौतिक पुर्वाधार विकास र मेसीनरी सामानह मा बढिमा ८५ प्रतिशत अनुदान दिन सकिनेछ । दुग्ध उत्पादन तथा विविधिकरण कार्यक्रममा लागत अनुदानसहभागि गराउने सामानतह भौतिक पुर्वाधारह उधोगकोलागि आवश्यक भवन, पानी व्यावस्थापन बिजुली, फोहर व्यावस्थापन मेसीनरी सामानह : मिल्क क्यान, मिल्कीङ मेसीन, मिल्क एनालाइजर, क्रीम सेपेरेटर, प्याकेजिङ मेसीन, डि फ्रिज, चिलिङ भ्याट, आइसक्रीम मेकिङ मेसीन, मिल्क पास्चुराइजर आदि । ढुवानी साधन, चिलिङ भ्यान, ह्वील व्यारो आदि ।

**(५) डेरी पसल सुधार कार्यक्रम अन्तर्गत** संचालन भइ राखेका डेरी पसलह लाईस्वस्थ् र स्वच्छ दुग्ध जन्य पदार्थ उत्पादन गर्ने बिक्री वितरण गर्ने उद्‌देश्यकासाथ् गरि ने कार्यक्रमह डेरी पसल सुधार रावा बेसी भित्र पर्ने छन । त्यसका लागि डेरी पसल रावा बेसी भित्रका मेसीनरी सामानको क्षमता अभिवृद्‌धि गर्ने सुधारका लागि मेसीनरी सामानमा ८५ प्रतिशत र भौतिक पूर्वाधारमा ८५ प्रतिशत अनुदान दिन सकिने छ तर दुग्ध उत्पादक सहकारी सस्थामार्फत संचालन भएका डेरी पसलह लाई अधिकतम ७० प्रतिशत सम्म अनुदान दिन सकिनेछ ।

(६) **चिस्यान केन्द्र स्थापना**कार्यक्रममा कम्तीमा ३ दुग्ध संकलन केन्द्रको दुधलाई
संकलन गर्ने मिल्क भ्यान मार्फत अन्य बजार वा दुग्ध वितरण आयोजनामा पठाउनको लागि दुधलाई गुणस्तर कायम राख्न चिस्यान केन्द्रको स्थापना गर्न आवश्यक पर्ने भौतिक पुर्वाधार विकासमा ८५ प्रतिशत, चिलिङ भ्याटमा बढीमा ७० प्रतिशत र चिलिङ भ्यानमा ३० प्रतिशत अन्य आवश्यक मेसीनरीसामानमा ८५ प्रतिशत अनुदान दिन सकिनेछ ।

(७) **डेरी उद्योग् स्थापना**संचालन र स्तरोनती कार्यक्रममा दुधबाट उत्पादन गरिने दुग्ध जन्य पदार्थ उत्पादन गर्ने बजारिकरण गर्ने उद्देश्यले स्थापना भएको डेरी उधोगलाई आवश्यक पर्ने भौतिक पुर्वाधार र मेसीनरी सामानह मा ८५ प्रतिशत अनुदानमा संचालन तथा स्तरोनती गर्न सकिने छ

(८) **मासु पसल सुधार**(राँग खसी कुखुरा बंगुर माछा) कार्यक्रममा साना तथा ठुला बजारक्षेत्रमा खुद्रा मासु बिक्रीको लागि स्थापना भएका मासु पसलहरुलाई लाईसुधार गर्ने स्वच्छ स्वस्थ् मासु उपभोक्ताह बिक्री वितरण गर्न सुधार गरि ने कार्यक्रमह संचालन गर्न सकिनेछ ।यसका लागि आवश्यक मापदण्डले तोकेका भौतिक पुर्वाधार र मेसीनरी सामानह मा ८५ प्रतिशत अनुदान दिनसकिनेछ ।

(९) **बधस्थलनिर्माणतथा** सुधार कार्यक्रम अन्तर्गत बजार क्षेत्रमा स्वस्थ् पशुपंछि बध गर्ने खुद्रा मासु पसलह मा स्वच्छ मासु खुद्रा तथा थुम्कि बिक्री गर्न र बजार क्षेत्रको जथैंभावी पशु बध गर्ने कार्यलाइ नि त्साहित गर्ने उद्देश्यले कम्तीमा दैनिक ५ देखि ८५ सम्म खसी तथा बंगुर र १ देखि ५ सम्म राँगा बध गर्न सक्ने स्थान लाई बधस्थल भनिन्छ । सोका लागि आवश्यक पर्ने बाटो, भवन, पानी, बिजुली, तारबार, लगएतको भौतिक पूर्वाधार निर्माणरावा बेसीगाउँपालिका ले गर्ने छ । पशुपंछि बध गर्ने व्यवसायीह लाई ठुला तथा साना मेसीनरी सामानह र आवस्यक औजारमा ८५ प्रतिशत अनुदान दिन सकिनेछ ।

(१०)**बधशालानिर्माण तथा सुधार कार्यक्रम** अन्तर्गत यस रावा बेसीगाउँपालिका को
स्वीकृतिमा आधुनिक स्तरको पशु बधशाला निर्माण गर्न वातावरणीय प्रभाव मुल्यांकनबाट अनुकुल हुने स्थान वा क्षेत्रमा यस्ता खालका ठुला तथा साना पशु बधसाला निर्माण गर्न भौतिक पूर्वाधार बढीमा ८५ प्रतिशत र मेसीनरीसामानह मा बढीमा ८५ प्रतिश सम्म अनुदान दिन सकिने छ । तर वातावरणीय प्रभाव मुल्याकन अनिवार्य गर्नु पर्ने हुन्छ ।

(११)**मासु प्रशोधन केन्द्र स्थापना कार्यक्रम**अन्तर्गत स्वस्थ् र स्वच्छ मासुलाई प्रशोधन गर्ने मासु जन्य पदार्थ उत्पादन र बजारिकरण गर्नेस्थान लाइ मासु प्रशोधन केन्द्र भनिन्छ । यसका लागि आवश्यक पर्ने भौतिक पूर्वाधारमा बढीमा ८५ प्रतिशत, मेसीनरी सामानमा बढीमा ६० प्रतिशत र पहिलो पटक प्रचार प्रसारका सामाग्री हरुमा बढीमा ३० प्रतिशत अनुदान प्रदान गर्न
सकिनेछ प्राविधक कर्मचारी र उत्पादनका लागि आवश्यक कच्चा पदार्थ स्वयम लगनीकर्ताले लगनी गर्नु पर्नेछ ।

(१२)**ऊन उत्पादन संकलन प्रशोधन** र बजारिकरण अन्तर्गत ग्रामिणक्षेत्रमा क्षेत्रमा उत्पादन भएको ऊन संकलन, प्रशोधन गर्ने ऊन तथा ऊनजन्य वस्तु राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा बजारिकरण गर्न का

लागि ऊन प्रशोधन केन्द्र लागत सहभाग्तिामा स्थापना र संचालन गर्न सकिनेछ सो का लागि भौतिक पुर्वाधारमा बढीमा ८५ प्रतिशत र मेसीनरी सामानमा ६० प्रतिशत सम्म अनुदान दिनसकिने छ

(१३)**पशु श्रोत केन्द्र स्थापना अन्तर्गत** कुनै एक क्षेत्रमा रहेका पशुह लाई सो क्षेत्रको पहिचान झल्कने गर्ने एक श्रोतकेन्द्र वा पर्यटकीय क्षेत्रकारुपमा विकास गर्न निम्न बमोजिमका पशु श्रोत केन्द्र संचालन गर्न सकिनेछ ।

**क ) प्रबद्र्धनात्मक पशु श्रोत केन्द्र**:

श्रोत केन्द्रमा पशु जनघनत्वको आधारमा सबैभन्दा बढी भएका वा गुण र दोष का आधारमा पहिचान भएका पशुह लाई प्रवद्र्धन विकास गर्ने सो क्षेत्र सोही पशुको श्रोत हुने किसीमले कार्यक्रम संचालन गरिन्छ रसो पशु संग् आबद्ध अन्य व्यवसाय पनि संचालन गर्न सकिने छ । जस्तै गुणको श्रोत वोयर बाख्रा र दुध उत्पादनका लागि गइ भैसी क्षेत्र आदि

**ख) संरक्षण आत्मक पशु श्रोत केन्द्रः**

श्रोत केन्द्रमा जैविक गुणलेमहत्वपुर्ण भएका तर हाल जन घनत्व घट्दो क्रममा रहेका पशुहरुको संरक्षण गर्न का लागि कार्यक्रम संचालन गर्न सकिने छ जस्तै स्थानिय लिमे, पारकोटे भैसी, खैला गाई भेडा, बाख्रा, स्थानिय कुखुरा, स्थानिय बंगुर आदि ।

**(१४) घाँसको विउको सिड बैंक स्थापना र संचालन ;**

पशुपालन व्यावसायमा सहजिकरण र प्रवद्र्धनका लागि गाउपालिकाले हिउँदे,वर्षे र वहुवर्षे घाँसका विउविजनहरु कृषकहरुलाई निशुल्क रुपमा वितरण गर्दै आएको छ । वर्षेनि विउ वितरणको कार्यलाई निरन्तर गरिरहँदा घाँसको विकास र उपलब्धतामा दिगो व्यावस्थापन हुन नसक्ने परिवेशलाई मध्यनजर गर्दै घाँसको विउविजनहरु निरन्तर वितरणको कार्यलाई स्थगित गरि सिड वैक स्थापना गर्ने र सोहि वैक मार्फत रावा बेसी गाउँपालिका भित्रका कृषकहरुलाई घाँसको विउँको उपलव्धता सुनिश्चित गर्ने उदेश्यले घाँसको विउको सिड बैंक स्थापना र संचालन गर्ने कार्यक्रम कार्यान्वयन गर्न लागिएको । यो कार्यक्रम घाँसखेति विषयक कृषक समुह वा पशुपालनमा आवद्र सहकारि संस्थाहरु मार्फत कार्यान्वयन गरिने छ । यो कार्यक्रममा सहभागि हुन चाहाने ईच्छुक समुह वा सहकारिले सुचना प्रकासन भएपछि शाखाले उपलब्ध गराउने निवेदन फर्मेट भरि सिड वैक संन्चालन गर्ने मोडेल सहितको प्रस्तावना पेश गर्नुपर्नेछ प्रतिस्पर्धात्मक मुल्याँकन विधिद्रारा मेरिटका आधारमा साझेदारको छोनोट गरिने छ । यो कार्यक्रममा छनौट हुने साझेदारले नेपाल सरकारवाट सिफारिस र स्विकृत घाँसका परजातिहरु सरकारि दररेटमा नै बिक्रि वितरण गर्नुपर्ने छ ।

उत्पादनले ३ देखि ४ महिना सम्म मात्र खाना पुग्ने ४ रोपनी भन्दा कम जमिन भएका एकाघर, संगेलका कुनैपनी सदस्यको उद्योग, व्यापार, व्यवसाय, रोजगरी आर्थिक आम्दानीको श्रोत नभएका घरधुरीका २० देखि ४५ बर्ष उमेर समुहका जीविकोपार्जन व्यबसाय गर्न ईच्छुक कृषकह लाई समेटेर कार्यक्रमसंचालन गर्ने ।

**(१५) औषधि बितरण कार्यक्रम ।**

औषधि वितरण कार्यक्रम रावा बेसी गाउँपालिका का ६ वटै वडाहरुका पशुपंछि पालक कृषकहरुलाई समेटि निशूल्क रुपमा वितरण गरिनेछ यो कार्यक्रम पशु सेवा शाखाको बजेटमा समेटिएको हुने छ । वितर गर्दा तपसिलका औषधि हरु निशुल्क रुपमा वितरण गरिने छ ।

(१,) घाउड्रेसिङ गर्ने औषधिहरुमा Povidine,Tincture Iodine, Tincture Benzoin Cotton,Bandage,Turpentine Oil,Alum,Borax

(२) Antipyretic and Analesic मा Meloxicam,Paracetamol

(३,) Anti Allergic मा Chlorpheniramine

(४,) Anitidiarrhoel औषधिमा Cotrimoxazole,Metronidazole bolus/Tablet

(५,) Atrophine Sulphate Injection

(६,) Laxative/purgative मा Magnesium Sulphate

(७,) बाह् परजिवि नियन्त्रणको लागि सिफारिस गरिएका औषधिहरु समेत ।

**जीविकोपार्जन अनुदानका क्रियाकलाप र मापदण्डह:-**

| बिषयगत ब्यबसाय वितरण | अनुदानमा समाबेश गरिने कार्यक्रमहरु | कार्यक्रम खर्च सहयोगको परिधि | कैफियत |
|---|---|---|---|
| बाख्रा पालन | खोर निर्माण सुधार, तालीम, बाख्रा, बोका वितरण , घाँसको बिउ, बिरुवा, आन्तरिक परजिबि बाह्य परजिबी नियन्त्रण खोप, बिमा, सुचना बोर्ड | स्वीकृत कार्यक्रमकको परिधि रावा बेसी भित्र रहि एक जना कृषकलाई ३ वटा बाख्रा, समुग्त बोका, र खोर निर्माण मा प्रति माउ बाख्रा रु.८५०० का दरले दिने | समुहरुमा बस्ने व्यक्ती बाख्रा पालन गर्न इच्छुक स्वस्थ्य निरोगि र शारीरिक तन्दुरुस्ती भएको हुनु पर्ने |
| बंगुर पालन | खोर निर्माण सुधार, तालिम, बंगुर का पाठी, बिर वितरण , घाँसको बिरुवा, आन्तरिक परजिबि बाह्य परजिबी नियन्त्रण खोप, बिमा, सुचना बोर्ड | स्वीकृत कार्यक्रमकको परिधि रावा बेसी भित्र रहि एक जना,कृषकलाई ३ वटा पाठी,सामुहिक,माउको अनुपातमा बिर, र खोर निर्माण मा प्रति माउ रु.३००० दरले दिने । | समुहरुमा बस्ने व्यक्ती बंगुर पालन गर्न इच्छुक स्वस्थ्य, निरोग्ी र शारीरिक तन्दुरुस्ती भएको हुनु पर्ने |

| | | | |
|---|---|---|---|
| कुखुरा पालन | खोर निर्माण सुधार,तालीम, डिवल प्रपोजका वा लेयर्स जातका कुखुराका ८ हप्ते चल्ला, दानापानी खाने भाँडा, आन्तरिक परजिबि बाहृय परजिबीका औषधी, दाना सुचना बोर्ड | स्वीकृत कार्यक्रमकको परिधि रावा बेसी भित्र रहि एक जनालाई २५ वटा चल्ला खोर निर्माण मा प्रति कुखुरा रु. ३०० का दरले दिने एक पटकको लागी १५ किलो दाना | समुहरुमा बस्ने व्यक्ती कुखुरा पालन गर्न इच्छुक स्वस्थ्य निरोग्ी र शारीरिक तन्दुरुस्ती भएको हुनु पर्ने |
| द्रष्टब्यः- जिबिकोपार्जनको लागि न्यून आय भएका कृषकहरु सम्बन्धित वडाहरुले कार्यविधिको ५ को उपदफा१ बमोजिम मा उल्लेख भए बमोजिम छनौट गरि सम्बन्धित वडा कार्यालयहरुले सिफारिस गर्नु पर्नेछ | | | |

**६ . साना किसान सहुलियत अनुदान कार्यक्रम संचालन सम्वन्धी व्यवस्थ :**

(१) रावा बेसी गाउँपालिका भित्रगाई , भैसी, भेडा, बाख्रा, बंगुर , कुखुरा पालन व्यवसाय गर्ने रहेका छरिएर रहेका साना कृषकह लाई समुहरुमा आवद्ध गराई, कृषकको पशुधनको सुरक्षालाई विशेष जोड दिदै अनिवार्य बिमा र उत्पादनलाई व्यवसायिक तथा बजारमुखी बनाउन रावा बेसीपशुपंछि शाखाबाट अनुदानका निम्न कार्यक्रमह संचालन गरिने छन् ।

**साना किसान सहुलियत अनुदान आयआर्जन कार्यक्रम सम्बन्धी मापदण्ड**

| बिषयगत ब्यबसाय वितरण | अनुदानमा समाबेश गरिने कार्यक्रमहरु | कार्यक्रम खर्च सहयोगको परिधि | कैफियत |
|---|---|---|---|
| दुध,मासु कोउत्पादन बृद्धि गर्न नश्ल सुधार | रागो साँढे, बोका र बीर वितरण | स्वस्फुर्त रुरुपमा वा पशुपंछिशाखाको कार्यक्रम अनुसार गठन भएका समुह तथा व्यक्तीग्त व्यबसाय दर्ता गरेका कृषकहरुलाई स्वीकृत कार्यक्रमकको परिधि रावा बेसी भित्र रहि, माउ बाख्राको अनुपातमा, हावापानी सुहाउँदो उन्नत जातको बोका कार्यबिधि अनुसार उपलब्ध गराउने | नियमित माउ बाख्रा, ठुला माउपशुहरुको अनिबार्य बिमा गरेको र प्राबिधिक मापदण्ड पुरा गरि निर्माण गरेका ब्यबस्थित, गोठ , खोरको पुर्बाधार प्रजनन रेकर्ड, डाले घाँस, भुँई घाँस लगाई एको मापदण्डका आधारमा मुल्याँकन गरि ने । |

| | | | |
|---|---|---|---|
| | | | |
| कृत्रिम ग्र्भाधान | सेवाउन्नतरागो साँढे,बोयर बोकाको बिर्य नियमित भन्डारण | स्वस्फुर्त वा पशुपंछि शाखाकोकार्यक्रम अनुसार गठन भएका पशुपालन समुहका कृषक र व्यवसायीक पशुपालन फार्म दर्ता गरेका वा समुह भन्दा बाहिरछरिएर रहेका पशुपालन कृषकहरुका गाई , भैसी, बाख्राहरुलाई साँढे,<br>रागो बोकाको बिकल्पमा कृ.ग्.गर्ने । | (१) कृ.ग्. गरि ने पशु मोटर बाटो पुगेको ठाउ देखी १ किलो मिटरको दुरी रावा बेसी भित्र हुनु पर्ने ।<br>(२) सिमेनको रकम कार्यबिधिमा तोकीए अनुसार कृषकले व्यहोर्नु पर्ने । |
| आहारा व्यवस्थापन तथा चरण क्षेत्र बिकास | हाते च्यापकटर, तथा बिद्युतीय घाँस काटने मेसिन,घाँसकोबिरुवा, सिजन अनुसारका पोषीला घाँसका बिरुवा, सिचाई गर्ने पाईप आदि । | (१)स्वस्फुर्त रुरुपमा वा पशुपंछि सेवा शाखाको कार्यक्रम अनुसार गठन तथा व्यक्तीग्त व्यबसाय दर्ता गरेका कृषकहरुलाई स्वीकृत कार्यक्रमकको परिधि रावा बेसी भित्र रहि, निजि बारी, कान्ला, निजि जमिन, रोडकोरीडोर छेउ छाउ र सामुदायीक प्रति जमिन मा हावापानी सुहाउदो डाले घाँस र अन्य बहुबर्षिय र सिजनल घाँसका बिउहरु निशुल्क उपलब्ध गराउने<br>(२) समुहरुमा च्यापकटरमा ७५र व्यबसायीक फार्महरुलाई बिद्युतिय घाँस काटने मेसिनमा ८५प्रतिशत अुनदान दिने ।<br>(३) चरण व्यबस्थापनको लागी आली कान्ला बाहेक निजि २ रोपनी जमिनमा चरण बिस्तार | (१) घाँस बिकास गर्न कृषकहरु समुह व्यक्तीग्त फार्म दर्ता गरेका हुनु पर्नेछ ।<br>(२)निजि जमिनमा घाँसबिकास गर्ने कृषक ले कित्ता नं उल्लेख गरि समुहको निर्णय र सम्बन्धीत वडा कार्यालय सिफारिस हुनु पर्ने छ । भने घाँस लरावा बेसी गाउँपालिका दा कृषक आफैले श्रमदान गर्नु पर्ने छ । |

| | | | |
|---|---|---|---|
| | | गर्ने को लागी २८५ मिटर, पोलेथिन पाइप र सामुदायीक चरण खको सुधार गर्ने कम्तीमा १० रोपनी क्षेत्रफलको लागी ८५०मिटर पोलेथिन पाइरुपमा ७५ प्रतिशत अनुदानमा दिने । | |
| डिपिङ ट्याङ्की निर्माण | प्राबिधिक तथा डिपिङ ट्याङ्कीको नक्सा र आर्थिक सहयोग् | (१) कम्तीमा २०००देखी माथि भेडा, बाख्रालाई एक दिनमा सेवा दिन सक्ने सबैलाई पायक पर्ने पानीको सुबिधा भएको सार्बजनीकस्थान मा सिमेन्टको बातावरणीय प्रभाबलाई असर नपर्ने सार्बजनिकस्थानमा स्वीकृत कार्यक्रमकको परिधि रावा बेसी भित्र रहि स्टीमेटको ८५ प्रतिशत सम्म आर्थिक अनुदान दिनसकिने छ ।(२)एकदिनमा २८५ देखी माथीको । संख्यामा भेडा, बाख्रा डिपिङ हुने वडाका रावा बेसी गाउँपालिका बस्तीका कृषकहरुलाई८५प्रतिशत सम्म प्लाष्टिक(फाइवर)को डिपिङ ट्याङ्कीमा अनुदान दिन सकिने । | (१)सिमेन्टको डिपिङ ट्याङ्की निर्माण गर्ने सार्बजनीक ठाउको लागी सम्बन्धित वडा कार्यालयले वडा बाट निर्णय गरे सिफासि गरेको हुनु पर्ने छ (२) समुदायले अग्रिम १५ प्रतिशत रकम खातामा जम्मा गरेको हुनु पर्ने । |
| द्रष्टव्य-(१)यो कार्यबिधि निर्देशिका अनुसार जुन सुकै अनुदानका सेवा लिने कृषकले नियमित आफना पशुहरुकोबिमा गरेको हुनु पर्ने छ र बिमा गरेका कागजातहरु रुका छाया प्रतिहरु आर्थिक बर्षको सुरु महिना श्रावन देखी कार्तिक मसान्त सम्म निबेदन साथ पशुपंछि शाखा र शाखाका केन्द्रहरुमा पेश गर्नु पर्नेछ । (२) अनुदान तथा सहुलियत अनुदान कार्यक्रम संचालनको लागि आगमी बर्षको योजना तर्जुमा गर्ने क्रममा वडास्तरबाट योजना छनौट भई आउनु पर्ने वा समुहहरुले आवश्यकताको आधारमा समुह बैठकमा व्यापक छलफल गरि निर्णय गरे र व्यक्तीगत व्यवसायिकफार्महरुले आवश्यकताको आधारमा रावा बेसी पशुपंछि शाखामा योजना तर्जुमा हुनु भन्दा अगाडी निवेदन दिनु पर्ने छ । | | | |

**७ . रेबिज खोप सहुलियत कार्यक्रम सम्बन्धी व्यवस्था:**

(१) रेबिज खोप अनुदानको लागीपशुहरुको अग्रीम बिमा गरेको हुनुपर्ने छ ।

(२) न्यून आय भएका साना किसानका एकै घरका ३ वटा भन्दा बढी पशु वस्तुह लाई एकै वा ३ दिनको अवधि रावा बेसी भित्र संकास्पद बहुला कुकुर र स्यालले टोकेको भए त्यस्ता कृषकका पशुलाई चलन चल्तीको मुल्यमा सतप्रतिशतसम्म छुट दिएर सहुलियत अनुदानमा पशुपंछि शाखाले रेबिज खोप उपलब्ध गराउने छ ।

(३) कृषकह समुहरुमा आवद्ध भई पशुपंछि शाखामा दर्ता भएका समुह रावा बेसी भित्रका किसानले पालेका पशुह लाई शंकास्पद बहुला कुकुर वा स्यालले ३ दिन भित्रको अवधि रावा बेसी भित्र५ वटा भन्दा बढी पशुह लाई टोकेको भए चलन चल्तीको मुल्यमा ८५ प्रतिशत छुट अनुदानमा पशुपंछि शाखाले रेबिजको खोप उपलब्ध गराउने छ । अनुदान प्राप्तिको लागि निवेदन साथ् समुहको बैठकले सिफारिस गरेका निर्णय को फोटोकपी, पशुहरुको अग्रिम बिमा गरेका प्रमाणका फोटोकपी
र सम्बन्धित वडाकार्यालय सिफारिस पत्र पेश गर्नु पर्ने छ ।

**४. घरपालुवा कुकुर, विरालाको हकमा पशु शाखाले निशुल्क खोप उपलव्ध गराउने छ ।**

**८. पशुको कृत्रिम गर्भाधारण सेवा सम्बन्धी व्यवस्थ :**

(१) यो कार्यबिधि अन्तर्गत ब्याडे रागो साँढे र बोकाको विकल्प आधुनिक तरिका बाट मुर्रा रागो जर्सी साँढे र बोयर जातको बोकाको शुद्ध वीर्य कृत्रिम गर्भधानको प्राविधिकद्वारा पशुहरुलाई गर्भिनि बनाई वर्ण शंकर पशुहरुको संख्यामा उल्लेख्य बृद्धि गरि दुध र मासुको उत्पादन उत्पादकत्व बढाई कृषकको आयस्तरमा बृद्धि गर्ने उदेश्यले कृतिम गर्वधान सेवालाई समायानुकुलसंचालन गर्न शाखाको जनशक्तिले मात्र नपुग्ने भएकाले प्राईभेट क्षेत्रका बेरोजगर पाराभेटह लाई समेत तालीम दिई कृत्रिम गर्भधान कार्यलाई तीब्रता दिइने । यस्ता प्राइभेट पाराभेटह लाई कार्यबिधि निर्देशिकामा तोकिए बमोजिमको सेवा सुबिधा उपलब्ध गराउने । कृ.ग्. गरि सकेपछि प्राविधिक वा पाराभेटहरुले चौमासिकरुपमा पशुधनी र सम्बन्धित वडा अध्यक्ष वा वडासदस्यको सिफारिस मा शाखामा पेश गर्नु पर्ने । एक पटक कृ.ग्.गरेपछि उल्टिनेको हकमा पुनः कृ.ग्. गर्नु पर्ने छ । कृ.ग्. गर्दा अभियानमा बाहेक अन्य समयमा कृषकबाट वीर्यको रकम लिईने छ ।

**९ . पशु स्वास्थ्य तथा उपचार सेवा सम्बन्धी व्यवस्थ :**

(१) यो कार्यबिधि अनुसार पशु पन्छी शाखाबाट रावा बेसीरावा बेसी भित्र कृषकले पालेका पशुपन्छीहरु मा छिटफुट रुरुपमा देखिने सरुवा रोगहरु र महामारीको रुरुपमा देखा पर्ने पशुपंछि तथा मत्स्यका रोगहरु को रोकथाम तथा उपचार गरि पशुपंछि को स्वास्थ्यलाई सुधार गरि स्वस्थ् र निरोगि पशुपंछि हरुको उत्पादन बढाउन निम्न कार्यक्रमह संचालन गरि ने छन् ।

**( क) पशु स्वास्थ्य सिविर संचालन कार्यक्रमः**

कृषकको रावा बेसीगाउँपालिका बस्ती स्तरमा बढी भन्दा बढी पशुवस्तुहरुलाई सेवा दिने उद्देश्ले केन्द्र तोकीपशुपंछि को स्वास्थ्य परीक्षण उपचार, औषधी वितरण र पशुपालन सम्बन्धी विभिन्न प्राविधिक परामर्श गर्ने । पशुपालनका विविध विषयमा चेतनामूलक पोष्टर, पम्पलेट, बुकलेटको निशुल्क वितरण गरिने छ ।

**(ख) आकस्मिक उपचार सेवा कार्यक्रम :-**

रावा बेसी भित्र आकस्मिक रुपमा देखिने पशुहरुका संक्रामक सरुवा रोगहरु तथा महामारी जन्य रोगहरु को रोकथाम रनियन्त्रण गर्न आवश्यक औषधी कोष स्थापना गर्ने । आवश्यकता अनुसार निःशुल्क उपचार तथा औषधी वितरण गर्ने छ । तर महामारी जन्य संक्रामकरोगहरु फैलिएको अवस्थामापशुको खोप संचालन गर्ने र महामारीरोग् नियन्त्रणभन्दा बाहिर सहयोगको लागि जिल्लाको पशु अस्पताल तथा पशु सेवा कार्यालय, प्रदेश सरकार, संघीय सरकारकासम्बन्धित मन्त्रालयह संग् समन्वय गरि रोग् नियन्त्रणमा लिने ।

**(ग) घुम्ती पशु उपचार/घुम्ती क्लिनिक सेवा कार्यक्रम :-**

पशुहरुको जनघनत्व तथा प्राविधिक दृष्टिकोणले आवश्यकता भएका वडा तथा रावा बेसीगाउँपालिका बस्तीहरुमा मा ३ देखि ५ दिन सम्मको घुम्ती पशु स्वास्थ्य क्लिनिक संचालन गर्ने । घुम्ती क्लिनिकमा पशु वस्तुको गोबर परीक्षण , थुनेलो, परीक्षण, चर्मरोग् सम्बन्धी छाला परिक्षण, भाले पशुको बन्ध्याकरणलगएतका आधारभूत स्वास्थ्य परीक्षण, उपचार, औषधी वितरण र विभिन्न सरुवा रोगहरु को खोप गरिने छ । घुम्ती क्लिनिकसेवाको अवधिमा नियमानुसार पशु पन्छीको रजिष्ट्रेशन शुल्क लिई पुर्जिकाटेर चेक जाँच गर्ने र आधारभूत औषधीह निशुल्क वितरण गर्ने, ।

**(घ ) टेली मेडीसन सेवा कार्यक्रम :-**

भौगोलीक विकटताले गर्दा पशु वस्तुहरुको उपचार गर्न रावा बेसीगाउँपालिका पशु स्वास्थ्य केन्द्रहरुटाढा रहेको अवस्थमा र पशु स्वास्थ्य प्राविधिकहरुको पहुँच नपुग्ने रावा बेसीगाउँपालिका ठाउँका कृषकहरुले आफ्ना पशुपंछि बिरामी हुँदा र कतिपय समस्याहरुघरमै घरेलु उपचार विधिबाटसमयमानै आफैले साधरण उपचार गरि समस्याको समाधान गरे पशुधनको क्षेतिलाई कम गर्न सकिने भएकाले र पशुपालनका अन्य विविध विषयमा टेलीफोन मार्फत परामर्श गरि समयको बचत गरे पशुपंछि जन्य उत्पादनमा समय दिन सकिने भएकाले यो टेलीमेडिसनसेवा किसानको लागि लाभदायक हुने भएकाले टेली मेडीसन सेवालाई आवश्यकता अनुसार संचालन गर्ने ।

**(ङ) रावा बेसि गाउँपालिका पशु विकास शाखा अन्तर्गत रहने दरबन्धि ;**

(क) पशु शाखा अन्तर्गत स्वीकृत दरबन्धि ५ मध्य गाउँपालिका पशु शाखामा अधिकृत र सहाएक (चौथो) तहको १ गरि २ जनाको दरबन्दी पालिका मा रहने र बाकि रहेको सहाएक चौथो र पाचौ तहको दरवन्दी वडा अन्तर्गत रहने छ ।

**१०.पशु सेवा तालिम, गेष्ठी तथा प्रचार प्रसार सेवा सम्वन्धी व्यवस्थ :**

(१) यो कार्यबिधि अनुसार पशुपंछि सेवा शाखाबाट रावा बेसी भित्र वार्षिक कार्यक्रममा निम्न कार्यक्रमह संचालन गर्न ।

**( क) स्कुल प्रसारण शिक्षा कार्यक्रम :-**

स्कुल प्रसारण शिक्षा रावा बेसी भित्रका माध्यामिक, निम्न माध्यामिक विद्यालयह मा विद्यालय संचालन भएको समयमा कुनै एउटा कक्षाका विधार्थि र शिक्षकह लाई मानव स्वास्थ्यमा असर पार्ने पशुबाट

मानिसमार मानिसबाट पशुमा सर्न सक्ने संक्रामक जुनोटिक रोगको बारे जानकारी गराउँदा प्रभावकारी हुने भएकाले स्कुल प्रसारण शिक्षालाई विशेष जोड दिई कार्यक्रमह संचालन गर्ने ।

**(ख) जुनोटिक रोग् सम्बन्धी गोष्ठी कार्यक्रमः-**

स्कुल तथा वडा स्तरमा एक दिने जुनोटिक रोग् सम्बन्धी गोष्ठीसंचालन गरिनुका साथै विभिन्न जनचेतनामूलक क्रियाकलापहरु गरिने ।

**(ग) कृषक तालिम कार्यक्रमः-**

रावा बेसीगाउँपालिका पशुपंछि सेवा शाखामा दर्ता भएका पशुपंछि पालनमा संलग्न कृषक समुह, व्यवसायिक फार्म, मासुपसल, दुग्ध पसल, पशुपंछिजन्य पदार्थ को व्यवसायी उद्यमीहरु तथा पाराभेट, ग्रा.प.स्वा.का पशुस्वास्थ्यकर्मीह लाई आवश्यकता अनुसार बढीमा एक हप्ते अवधि सम्मका तालिमहरु कार्यक्रममा समावेश गरि स्तर र स्थलगत तालिम संचालन गर्ने ।

**(घ ) कृषक तथाकर्मचारी अध्ययन अवलोकन भ्रमण कार्यक्रमः-**

नयाँ-नयाँ प्रविधिहरुको आदान प्रदानको लागि उत्कृट अगुवा कृषक, कृषक व्यवसायी, उद्यमी, प्राविधिक कर्मचारीहरुको अन्तर रावा बेसीगाउँपालिका र अन्तर जिल्ला स्तरका अध्ययन अवलोकन भ्रमणका कार्यक्रम संचालन गर्ने ।

**(ङ) पशु सेवाका प्राविधिकहरु लाई तालिम कार्यक्रमः-**

पशु शाखा, केन्द्रमा कार्यरत प्राविधिक कर्मचारीह लाई आवश्यकता अनुसार समय समयमा विभिन्न विषय वस्तुबारे ज्ञान सीप हासिल गर्ने तालिमको व्यावस्थापनगर्ने प्रदेश र संघका तालिम केन्द्रह संग् सहकार्य गर्ने र आफ्ना सालबसाली कार्यक्रममा तालिम कार्यक्रम समावेश गर्ने ।

**११.प्रोत्साहन तथ पुरस्कार कार्यक्रम संचालन सम्बन्धी व्यवस्थ :**

